NRB Directive Form No. 4.2

# Manakamana Smart Laghubitta Bittiya Sanstha Limited

Siddharthanagar-5,Rupandehi

Unaudited Financial Results (Quarterly)

**As at 4th Quarter (BS-32/03/2079 Or AD-16 July 2022) of the Fiscal Year 2078/2079**

(Rs. in '000)

| S.N. | Particulars | This Quarter Ending | Previous Quarter Ending | Corresponding Previous Year Quarter Ending |
|---|---|---|---|---|
| 1 | Total Capital & Liabilities (1.1 to 1.7) | 1,199,428.86 | 1,181,906.45 | 1,220,794.06 |
| 1.1 | Paid-up Capital | 141,745.50 | 141,745.50 | 121,150.00 |
| 1.2 | Reserves and Surplus | 36,449.02 | 32,301.54 | 37,739.86 |
| 1.3 | Debenture and Bond | - | - | |
| 1.4 | Borrowings | 524,859.97 | 536,869.45 | 670,600.55 |
| 1.5 | Deposits (a+b) | 410,094.34 | 392,961.99 | 321,105.59 |
| | a. Member | 410,094.34 | 392,961.99 | 321,105.59 |
| | b. Public | | | |
| 1.6 | Income Tax Liabilities | | - | 13,813.75 |
| 1.7 | Other Liabilities | 86,280.03 | 78,027.98 | 56,384.31 |
| 2 | Total Assets (2.1 to 2.7) | 1,199,428.86 | 1,181,906.45 | 1,220,794.06 |
| 2.1 | Cash & Bank Balance | 65,378.97 | 23,588.42 | 57,295.37 |
| 2.2 | Money at call and short Notice | - | - | |
| 2.3 | Investments | 32,000.00 | 32,000.00 | 121,600.00 |
| 2.4 | Loans & Advances | 1,062,593.48 | 1,086,090.82 | 970,881.61 |
| 2.5 | Fixed Assets | 7,123.82 | 8,602.81 | 7,709.85 |
| 2.6 | Non Banking Assets | | | |
| 2.7 | Other Assets | 32,332.59 | 31,624.39 | 63,307.23 |
| 3 | Profit and Loss Account | Up to This Quarter | Up to Previous Quarter | Up to Corresponding Previous Year Quarter |
| 3.1 | Interest income | 152,341.78 | 110,184.13 | 131,083.70 |
| 3.2 | Interest Expense | 77,044.13 | 54,255.21 | 48,745.91 |
| **A** | **Net Interest Income (3.1-3.2)** | **75,297.65** | **55,928.93** | **82,337.80** |
| 3.3 | Fees Commission and Discount | 1,502.75 | 1,071.10 | 1,900.41 |
| 3.4 | Other Operating Income | 19,302.69 | 14,293.94 | 26,502.87 |
| 3.5 | Foreign Exchange Gain/Loss (Net) | - | - | |
| **B** | **Total Operating Income (A+3.3+3.4+3.5)** | **96,103.09** | **71,293.96** | **110,741.07** |
| 3.6 | Staff Expenses | 49,647.01 | 37,333.21 | 41,820.63 |
| 3.7 | Other Operating Expenses | 18,406.92 | 13,222.67 | 14,744.10 |
| **C** | **Operating profit Before Provision (B-3.6-3.7)** | **28,049.16** | **20,738.09** | **54,176.34** |
| 3.8 | Provision for Possible Loss | 20,997.02 | 15,245.24 | 7,354.20 |
| **D** | **Operating profit (C-3.8)** | **7,052.14** | **5,492.84** | **46,822.14** |
| 3.9 | Non Operating Income/Expenses (Net) | - | - | - |
| 3.10 | Write Back of Provision for Possible Loss | 20,584.57 | 14,585.31 | 4,567.23 |
| **E** | **Profit From Regular Activities (D+3.9+3.10)** | **27,636.71** | **20,078.15** | **51,389.37** |
| 3.11 | Extraordinary Income/Expenses (Net) | 2,808.75 | 2,969.56 | (227.35) |
| **F** | **Profit Before Bonus and Taxes (E+3.11)** | **30,445.47** | **23,047.71** | **51,162.02** |
| 3.12 | Provision For Staff Bonus | 3,044.55 | 2,304.77 | 5,116.20 |
| 3.13 | Provision For Tax | 8,220.28 | 6,222.88 | 13,813.75 |
| **G** | **Net Profit/Loss (F-3.12 -3.13)** | **19,180.64** | **14,520.06** | **32,232.07** |
| 4 | Ratios | At the End of This Quarter | At the End of Previous Quarter | At the End of Corresponding Previous Year Quarter |
| 4.1 | Capital Fund to RWA | 15.75% | 15.12% | 15.28% |
| 4.2 | Non Performing Loan (NPL) to Total Loan | 4.22% | 4.77% | 4.92% |
| 4.3 | Total Loan Loss Provision to total NPL | 54.29% | 47.50% | 50.10% |
| 4.4 | Cost of Funds | 8.44% | 8.08% | 6.50% |
| 4.5 | CD Ratio (Calculated as per NRB Directives) | 259.11% | 276.39% | 302.36% |

Interest Rate: Loan: :=> 15% Deposit:= 4 - 8.65%

Note: Audited financial statement may differ if the supervising authority and external auditor directs to alter the statements.

**धितो पत्र दर्ता तथा निष्काशन नियमावली २०७३ को अनुसुचि- १४ को नियम २६ को उपनियम (१) संग सम्वन्धित**

## आ.व.२०७८/७९ को चौथो त्रैमासिक विवरण (लेखा परीक्षण नभएको)

**१. वित्तीय विवरण**:

क. त्रैमासिक अवधिको वासलात , नाफा नोक्सान सम्वन्धि विवरण यसै साथ प्रकाशित गरिएको छ।

ख.प्रमुख वित्तीय सुचकांकहरु देहाय वमोजिम रहेको छ।

| प्रति शेयर आम्दानी (वार्षिकीकृत) | मूल्य आम्दानी अनुपात | प्रति शेयर नेटवर्थ | प्रति शेयर कूल सम्पत्तिको मुल्य | तरलता अनुपात |
|---|---|---|---|---|
| १३.५३ | ६९.९८ | १४१.३३ | ८३८.०३ | ११.३० |

**२. व्यवस्थापकीय विश्लेषण**:

क. त्रैमासिक अवधिमा संस्थाको मौज्दात, आम्दानी र तरलतामा कुनै परिवर्तन भए सो को प्रमुख कारण सम्वन्धि विवरणः

यस त्रैमासिक अवधिमा संस्थाको मौज्दात तथा तरलता नियामक निकायले तोके अनुरुप कायम गरिएको छ। कर्जा आम्दानी अपेक्षानुसार रहेको छ तथापि फण्डको लागत अनपेक्षित रुपमा वढन गएकोले खुद मुनाफा प्रभावित भएको छ। आम्दानी तर्फ विश्व्यापी रुपमा फैलिएको कोभिड -१९ को कारणले यस संस्थाको ऋणीहरुको आर्थिक अवस्थामा हाल सम्म पनि असर परेको छ। संस्थाले लगानी गरेको कर्जामा व्याजदर स्थिर रहेको र संस्थाको आधार दर उच्च रहेकोले खुद मुनाफामा तुलनात्मक रुपमा कमी आएको छ।

ख.आगामी अवधिको व्यावसायिक योजना सम्वन्धमा व्यवस्थापनको विश्लेषणत्मक विवरणः

त्रैमासिक अवधिको अन्त्य सम्म संस्थाले आफ्नो कार्यक्षेत्र लुम्विनी प्रदेशको १२ वटा जिल्लाहरु मध्ये ९ जिल्लामा ३७ वटा शाखा विस्तार गरेको छ। तरलताको समस्याको कारणले आ.व.२०७८।७९मा अपेक्षाकृत रुपमा कर्जा लगानीमा वृद्धी हुन सकेको छैन। चालु आ.व.मा ऋणीहरुलाइ वित्तीय साक्षरता शिक्षा प्रदान गर्ने, ऋणीहरुको क्षमता अभिवृद्धी तथा उद्यमशीलता विकासको लागि तालिम संचालन गर्ने , कर्जाको गुणस्तर कायम गर्न कर्जा सदुपयागितामा जोड दिने र अनुगमन निरीक्षण लाइ प्रभावकारी वनाउने, आन्तरिक नियन्त्रण प्रणालीलाइ शसक्त वनाउने र कर्मचारी दक्षता तथा उत्पादकत्व वृद्धी गर्न तालिम संचालन गर्ने जस्ता विषयलाइ प्रभावकारी वनाउदै आ.व. २०७९।८० को वार्षिक लक्ष्य हासिल गर्ने योजना रहेको छ।

ग. विगतको अनुभववाट संगठित संस्थाको मौज्दात नाफा वा नगद प्रवाहमा तात्विक असर पार्न सक्ने घटना,अवस्था आदि भएमा सो सम्वन्धि विश्लेषणात्मक विवरणः

संस्थाले जोखिम न्युनीकरण गर्दै कारोवार विस्तार गर्ने गरेको र नियामक निकायले तोके अनुसारको जोखिमको व्यवस्था समेत गरेको छ। विश्वव्यापी रुपमा फैलिएको कोरोना महामारीको असर हाल सम्म पनि संस्थाको कर्जा असुलीमा परेको छ। तरलता अभावले संस्थाले अन्य संस्थावाट लिएको सापटीमा व्याज दर वृद्धी भई उच्च विन्दुमा पुगेको र उच्च व्याज दरमा समेत वैक वित्तीय संस्थाहरुवाट थप कर्जा पाउन सक्ने अवस्था नभएकोले कारोवार विस्तारमा वाधा पुगेको छ। तरलता समस्या यथावत भएमा वा संस्थाको आधारदरको अवस्था हेरी व्याजदर निर्धारण गर्न नसकिएमा कर्जा विस्तार गर्न समस्या हुने र संस्थाको आगामी अवधिमा नाफामा समेत असर पर्न सक्ने देखिन्छ।

**३.कानुनी कारवाही सम्वन्धी विवरण**:

(क) यस अवधिमा वित्तीय संस्थाले कसैको विरुद्धमा कुनै मुद्दा दायर गरेको छैन र संस्थाको विरुद्धमा पनि कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

(ख) यस वित्तीय संस्थाको संस्थापक वा संचालकले वा संस्थापक वा संचालकको विरुद्धमा प्रचलित नियमको अवज्ञा वा फौज्दारी अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर गरेको वा भएको जानकारी प्राप्त भएको छैन।

(ग) यस वित्तीय संस्थाको कुनै संस्थापक वा संचालक विरुद्ध आर्थिक अपराध गरेको सम्वन्धमा कुनै मुद्दा दायर भएको जानकारी प्राप्त भएको छैन।

**४. संगठित संस्थाको शेयर कारोवार सम्वन्धि विश्लेषण**:

(क) धितोपत्र वजारमा भएको संगठित संस्थाको शेयरको कारोवार सम्वन्धमा व्यवस्थापनको धारणाः

यस वित्तीय संस्थाको शेयर मूल्य तथा कारोवार धितोपत्र विनिमय वजारको कारोवार मार्फत तय हुने भएकोले यस सम्वन्धमा व्यवस्थापनको कुनै टिप्पणी नरहेको।

(ख) नेपाल स्टक एक्सचेन्ज लि. को वेवसाइट WWW.nepalstock.com अनुसार यस संस्थाको शेयर कारोवार यस त्रैमासिक अवधिमा देहाय अनुसार भएको देखिन्छ।

| अधिकतम मूल्य रु. | न्युनतम मूल्य रु. | अन्तिम मूल्य रु. | कारोवार दिन | कारोवार संख्या |
|---|---|---|---|---|
| १,१४०/- | ७९३/- | ९४७/- | ६४ | ११७७ |

**५. समस्या तथा चुनौती**:

**आन्तरिकः** बढदो प्रतिस्पर्धात्मक वातावरणमा दक्ष जनशक्तिको अभाव, कर्जा विस्तार गर्न फण्डको अभाव रहेको छ। संस्थाले वैंक तथा वित्तीय संस्थावाट प्राप्त गर्ने सापटमा उच्च व्याजदर रहेकोले व्याज खर्चमा वृद्धी भएको छ। स्प्रेड दर संकुचित हुदै गएकोले मुनाफा समेत संकुचित हुने अवस्था रहेको छ।

**वाह्यः** कोभिड १९को कारणले ऋणीहरुको कारोवार प्रभावित भएको कारणले संस्थाको सांवा व्याज असुलीमा नकारात्मक असर परेको छ। विश्वप्यापी रुपमा मुद्रा स्फिति उच्च हुंदै गएको अवस्थामा हाम्रो अर्थतन्त्र समेत प्रभावित हुन सक्ने अवस्था रहेको छ। तरलताको अभावको अवस्था रहेको र उच्च व्याजदरमा पनि प्रयाप्त कर्जा सापट पाउन सकिने अवस्था नभएकोले कर्जा लगानी संकुचित हुन पुगेको छ।

**समाधानः** विद्यमान तरलता अभावको अवस्था र कोभिडको १९को असरलाइ समेत मध्यनजर गरी संस्थाले थप कार्यक्रम विस्तार गर्न' भन्दा विद्यमान ऋणी सदस्यहरुलाइ प्रदान गर्ने सेवाको गुणस्तरमा सुधार गर्ने कार्यलाइ प्राथमिकताका साथ निरन्तरता दिने। आगामी दिनमा समेत संस्थाले ग्राहकहरुको आवश्यकता पहिचान गरी उनीहरुको व्यवसायको संरक्षण र प्रवर्द्धन गर्न आवश्यक शीपमूलक तालिम प्रदान गर्ने , उद्यमशीलता प्रवर्द्धन गर्ने र वित्तीय साक्षरता प्रदान गर्दै ग्रहकलाइ आर्थिक रुपमा मजवुत वनाई अघि वढने रणनीति लिएको छ।

**६.संस्थागत सुशासन**:

यस वित्तीय संस्थाले नेपाल राष्ट्र वैंकवाट जारी गरिएको संस्थागत सुशासन लगायतका निर्देशनहरु पालना गर्नका साथै प्रचलित नियम कानूनको समेत परिपालना गर्ने गरिएको छ। संस्था संचालन गर्न अपरिहार्य नीति नियमहरुको तर्जु'मा गरिएको छ। संस्थाको प्रवन्ध पत्र, नियमावली, कर्जा नीति, आर्थिक प्रशासन विनियमावली, कर्मचारी सेवा विनियमावली,कर्जा अपलेखन विनियमावली, निक्षेप परिचालन निर्देशिका, सम्पत्ति दायित्व व्यवस्थापन नीति, जोखिम व्यवस्थापन नीति, सूचना प्रविधि नीति, लेखा नीति, सम्पत्ति सुद्धीकरण व्यवस्थापन नीति, ग्राहक संरक्षण नीति, ग्राहक सरक्षणकोष संचालन कार्यविधि, ग्राहक पहिचान तथा केन्द्र संचालन कार्यविधि, संचालक शिक्षा कार्यविधि लगायतका नीति निर्देशिकाहरु तयार गरी सोही अनुसार कार्य गर्दै संस्थागत सुशासन कायम गरिएको छ। संचालक स्तरीय आन्तरिक लेखा परीक्षण समिति, जोखिम व्यवस्थापन समिति, कर्मचारी सेवा सुविधा समिति, सम्पत्ति सुद्धीकरण निवारण सम्वन्धी समितिहरु गठन गरी आन्तरिक नियन्त्रण तथा जोखिम व्यवस्थापन प्रभावकारी वनाउने व्यवस्था गरिएको छ।

**७. सत्य, तथ्यता सम्वन्धमा कार्यकारी प्रमुखको उदघोष**:

आजका मिति सम्म यस प्रतिवेदनमा उल्लेखित जानकारी तथा विवरणहरु सत्य रहेको छ। साथै म यो उदघोष गर्दछु की मैले जाने वुझे सम्म यस प्रतिवेदनमा उल्लेखित विवरणहरु सत्य तथ्य र पूर्ण छन् र लगानीकर्ताहरुलाई सुसूचित निर्णय लिन आवश्यक कुनै विवरण, सूचना तथा जानकारीहरु लुकाइएको छैन।